श्री

उच्च अदालतपाटन

संयुक्त इजलास

इजलास नं.:- १६

माननीय न्यायाधीश श्री खड्कबहादुर के.सी.

माननीय न्यायाधीश श्री केशवप्रसाद अधिकारी

आदेश

निवेदन प्रतिवेदन नं:- ०८३-RE-००७८

मुद्दाः- आपराधिक लाभ संगठित अपराध शुद्धिकरण समेतको कसूर।

तुलसी अधिकारी...निवेदक/प्रतिवादी

विरुद्ध

नेपाल सरकार...विपक्षी/वादी

विषयः बेरीतको आदेश बदर गरी पाउँ।

प्रस्तुत निवेदन/प्रतिवेदन सहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री कल्याण पोखरेल, शंकर पौडेल, श्री लेखनाथ भट्टराई, श्री डा. सुभाष आचार्य र श्री रेनुका पोखरेल, वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिकवक्ता श्री इश्वरी प्रसाद ढकाल, विद्वान उपन्यायाधिवक्ता श्री दिनेश कुमार रेग्मी र विद्वान सहायक न्यायाधिवक्ता श्री भावना खतिवडा एव जाहेरवालाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री अमर थापा, विद्वान अधिवक्ताहरु श्री अनिल गिरी, कविता मल्ल, राजाराम घिमिरे र बल्लभ बस्नेतले गर्नुभएको बहस समेत सुनियो।

श्री ललितपुर जिल्ला अदालत,

यसमा प्रतिवादी तुलसी अधिकारी समेतले संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) तथा सोही दफाको उपदफा (३) को खण्ड (ख) बमोजिम सोही ऐनको दफा ८ को उपदफा (१) ले निषेधित र (२) ले परिभाषित आपराधिक लाभ (एक्सर्टर्सन) सम्बन्धी कसूरमा सोही ऐनको दफा ९ को खण्ड (च) को उपखण्ड (२) बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा ९ को खण्ड (क) बमोजिमको थप सजाय हुन तथा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६३ को दफा २ खण्ड (श) ले निर्देशित सोही ऐनको अनुसूचीको क्रम १ को खण्ड (ध) र नेपाल सरकारले मिति २०८१/०९/१८ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशन गरी

सम्बद्ध कसूरको रुपमा थप तोकेको कसूर मध्ये खण्ड (ख) मा सूचिकृत हुन्डी समेतका कसूरबाट आर्जित सम्पत्तिको प्रकृति, स्रोत, स्थान बदली कुल जम्मा बिगो रु. २१,१२,२०,४०६.१६/ (एक्काइस करोड बाह्र लाख बीस हजार चारसय छ रुपैयाँ सोह्र पैसा) को सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) विपरीत ऐ. दफा ३ को उपदफा (३) बमोजिमको कसूर गरेकाले निजलाई ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिमको सजाय गरी पीडितलाई क्षतिपूर्ति दिलाई भराई दिन भन्ने समेतको अभियोग मागदाबी रहेको देखिन्छ।

जाहेरवाला कुमार चिमोरियाको जाहेरी, निजले पेश गरेको थप विवरण सहितको निवेदन, बुझिएका बिना कुमारी चिमोरिया, नवराज आचार्य, रुद्र प्रसाद आचार्य, हेमराज रसाइली समेतले गरिदिएको मौकाको कागज, घटना विवरणका नितु गुप्ताको कागज, प्रहरी प्रतिवेदन, प्रतिवादीले अदालत समक्ष गरेको बयान, जाहेरवालासँग सम्बन्धमा रहेको स्वीकार गरेको अवस्था, तुलसा कलेक्सन प्रा.लि. को सम्बन्धित निकायमा पेश गरेको भनिएको आय व्यय विवरणमा घटी कारोबार देखाउनुमा आफ्नो कमजोरी रहेको भनी प्रतिवादीले बयानमा उल्लेख गरेको अवस्था समेतका मिसिलसंलग्न तत्काल प्राप्त प्रमाणको आधारमा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी यी प्रतिवादी तुलसी अधिकारीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्ने गरी तहाँ अदालतबाट मिति २०८३/०२/२१ मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहनु परेन। कानूनबमोजिम गर्नू।

न्यायाधीश　　　　　　　　　　　　　　　　न्यायाधीश

इति सम्वत् २०८३ साल कार्तिक महिना १२ गते रोज ५ शुभम्------------------------